NJ: NUTA

# लृवर्णको आवश्यकता र औचित्य

**गोविन्द पौडेल**
व्याकरण शिक्षण विभाग, वाल्मीकि विद्यापीठ, नेपाल संस्कृत विश्वविद्यालय, नेपाल
Emil : poudelgovinda28@gmail.com
DOI: 10.3126/nutaj.v8i1-2.44117

**सारसङ्क्षेप**

*वर्णहरूको उत्पत्ति र विकासको आ-आफ्नै परम्परागत इतिहास रहेको पाइन्छ । वर्णहरू लामो समयसम्मको साधना र अन्वेषणपश्चात् निर्धारण गरिएका हुन्छन् । प्राचीन लेख्य देवनागरी लिपिमा रहेका १६ वटा स्वरवर्णहरूमध्ये हाल नेपालीमा १३ वटा मात्र स्वरवर्णहरू पाइन्छन् । नेपाली वर्णमालामा लृ र लॄ यी दुवै वर्णहरू कतै उल्लेख गरिएको पाइँदैन । प्रस्तुत लेखमा यही ह्रस्व लृ र दीर्घ लॄ वर्णहरूको आवश्यकता छ या छैन ? किन आज पढिँदैनन् ? नेपाली भाषामा यिनको अस्तित्व छ या छैन ? यद्यपि नेपाली भाषालाई सरल, बोधगम्य र रुचिकर बनाउन भनेर जटिल उच्चारण प्रक्रिया मानिएका वर्णहरू हटाइएको आजका भाषाविशेषज्ञहरूको तर्क छ । यसको वैज्ञानिकता, आवश्यकता वा औचित्य अन्वेषणको गर्भमै छ । प्रस्तुत लेखमा लृवर्णलाई अध्ययन गर्ने क्रममा संस्कृतका प्राचीन वैयाकरणहरू पाणिनि, कात्यायन, पतञ्जलि, सर्ववर्मा, शाकटायन, चन्द्रगोमी, देवनन्दीका मतमा लृवर्णको चर्चा गरिएको छ । साथै ऋक्प्रातिशाख्य, तैत्तरीयप्रातिशाख्य, अग्निपुराण, पाणिनीयशिक्षा, याज्ञवल्क्यशिक्षा, व्यासशिक्षा, आपिशलिशिक्षा, शिक्षापञ्जिका, हैमव्याकरणम् लगायतका विभिन्न ग्रन्थहरूमा प्रयोग भएका लृवर्णको विशेष परिचर्चा प्रस्तुत लेखमा गरिएको छ । साथै नेपाली भाषाका नेपाली शब्दसागर, संकृत–नेपाली बृहत् शब्दकोश, नेपाली बृहत् शब्दकोश लगायतका कोशीयग्रन्थहरूका आधारमा समेत लृवर्णको अध्ययन गरी यसको आवश्यकता, औचित्य तथा प्रयोजनका सन्दर्भमा निष्कर्ष प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी :** ऋलृक्, लृकार, लृवर्ण, लॄवर्ण, यदृच्छा ।

## विषय प्रवेश

ध्वनि, स्फोट, वर्ण, अक्षर, शब्द, पद, पदावली, उपवाक्य, वाक्य, अनुच्छेद/सङ्कथन वा प्रबन्धको सोपानक्रममा भाषाको विकास भएको पाइन्छ । कुनै पनि भाषाको समृद्धि र विकासका पछाडि त्यस भाषाका भाषिक तत्त्वहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । भाषिक संरचना, वनावट र व्युत्पन्न प्रक्रियाको विविधताले नै भाषा समृद्ध र सम्पन्न हुन पुग्दछ । नेपाली भाषाका स्वर र व्यञ्जन वर्णहरूको अध्ययन गर्ने क्रममा पहिले १६ वटा स्वर वर्ण र ३६ वटा व्यञ्जन वर्णहरू पढिन्थ्यो । स्वर वर्णमा अ आ इ ई उ ऊ ऋ ॠ लृ लॄ ए ऐ ओ औ अं अः गरी १६ वटा स्वरवर्णहरू थिए । त्यसैगरी क ख ग घ ङ च छ ज झ ञ ट ठ ड ढ ण त थ द ध न प फ ब भ म य र ल व श ष स ह क्ष त्र ज्ञ गरी ३६

वटा व्यञ्जन वर्णहरू पढिन्थ्यो । अहिलेको नेपाली वर्णमालामा लेख्य रूपमा १३ वटा स्वर वर्ण र ३६ वटा व्यञ्जन वर्णहरू उल्लेख गरिएको छ । आधुनिक भाषाविज्ञानले नेपाली भाषामा उच्चारणका लागि प्रयोग हुने जम्मा अ, आ, इ, उ, ए, ओ गरी छ वटा स्वरवर्णहरू लिइएको छ । त्यस्तै ३६ वटा व्यञ्जनवर्णहरूमध्ये ञ, ण, श, ष, क्ष, त्र, ज्ञ बाहेकका २९ व्यञ्जन वर्णहरू मात्रै उच्चारण हुने भनेको छ । हामीले सानैमा नेपाली ठुलो वर्णमाला नामक किताबमा अक्षर चिन्ने क्रममा पढिएका ह्रस्व लृ र दीर्घ ॡ वर्णहरू आज किन पढिएका छैनन् भन्ने जिज्ञासा उठ्नु स्वाभाविक हुन्छ । यही जिज्ञासालाई समाधान गर्नका लागि यो लेख लेखिएको हो ।

## समस्याकथन

संस्कृत वर्णसमाम्नायमा लृवर्णको प्रयोग देखिन्छ । आधुनिक नेपाली वर्णमालामा ह्रस्व लृ र दीर्घ ॡ यी दुवै वर्णहरूको उल्लेख देखिँदैन । अतः यी वर्णहरूलाई कहाँ उल्लेख गरिएका छन् ? यी वर्णहरूको प्रयोग के कस्तो रहेको पाइन्छ ? यी वर्णका स्थानमा अन्य कुनै वर्णलाई प्रयोग गरेर यसको पूर्ति हुन्छ कि हुँदैन ? नेपाली भाषामा यसको प्रयोग छ कि छैन ? भन्ने जिज्ञासाहरूलाई यस लेखमा समस्याका रूपमा स्थापित गरिएको छ ।

## उद्देश्य कथन

संस्कृत वर्णसमाम्नाय र प्राचीन नेपाली वर्णमालामा पढिएका तर हाल नेपाली वर्णमालामा उल्लेख नगरिएका ह्रस्व लृ र दीर्घ ॡ यी दुई वर्णहरूको खोजी गर्नु, प्रयोगको अवस्था देखाउनु, यी वर्णहरूका स्थानमा अन्य वर्णको प्रयोग हुने, नहुने विषयमा निक्यौंल गर्नु र नेपाली भाषामा यसको आवश्यकता र औचित्य पहिचान गर्नु नै यस अनुसन्धानकार्यको उद्देश्य हो ।

## शोधविधि

प्रस्तुत अनुसन्धानमा आगमन, निगमन, व्याख्यान, तुलना, विश्लेषण, प्रश्नोत्तरलगायतका आधुनिक विधिहरूमध्ये विशेष गरी आगमन, निगमन, तुलना तथा व्याख्यान विधिको प्रयोग गरिएको छ । यसका लागि पुस्तकालयीय सामग्री सङ्कलन विधिको उपयोग गरिएको छ ।

## विश्लेषणको सैद्धान्तिक आधार

विश्लेषणको सैद्धान्तिक आधार भनेको पूर्ववर्ती आचार्यहरूले प्रतिपादन गरेका सूत्रग्रन्थ, वृत्तिग्रन्थ, भाष्यग्रन्थ, टीकाग्रन्थ, कोशग्रन्थलगायतका आधिकारिक विशिष्ट ग्रन्थहरू र ती ग्रन्थमा प्रतिपादित सिद्धान्तलाई बुझिन्छ । प्रस्तुत लेख तयार पार्न सूत्रकार पाणिनि, वार्तिककार कात्यायन, भाष्यकार पतञ्जलि र अन्य वैयाकरणहरूका ग्रन्थहरूमा प्रतिपादित विषयहरू र नेपाली भाषाका कोशग्रन्थहरूलाई विश्लेषणको सैद्धान्तिक आधार मानिएको छ ।

## विषय परिचय

प्रस्तुत अनुसन्धानमा स्वरवर्णहरू मध्येको लृवर्णको खोजी गरिएको छ । प्राचीन कालमा पढिएको लृवर्ण आजको वर्णमालामा नदेखिएको हुँदा यसको आवश्यकता, औचित्य एवम् प्रयोगका बारेमा अनुसन्धान गर्नु वाञ्छनीय हुन्छ । अतः भाषिक औच्चार्य र लेख्य रूपमा लृवर्णको आवश्यकता छ या छैन ? भन्ने विषयवस्तुलाई यहाँ प्राचीन वैयाकरणहरू र नेपाली कोशीय ग्रन्थहरूका आधारमा रहेर विभिन्न शीर्षक उपशीर्षकहरूमा विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा देवनागरी लिपिका वर्णहरूलाई विश्लेषण र

तालिकीकरणका माध्यमबाट प्रस्तुत गर्दै प्रस्तुत लेख लृवर्णको अन्वेषणमा केन्द्रित रहेको छ ।

**वर्णहरूको सङ्ख्या निर्धारण**

प्राचीन वैयाकरणहरू मध्येमा आचार्य पाणिनि विशिष्ट वैयाकरण मानिन्छन् । उनको 'अष्टाध्यायी' र पाणिनीयशिक्षा नामक ग्रन्थमा वर्णसङ्ख्या निर्धारण गर्दा २१ वटा स्वरवर्ण, २५ वटा स्पर्शसंज्ञक व्यञ्जन वर्ण, यवरलशषसह यी आठवटा वर्ण, चारवटा यमवर्ण, एउटा अनुस्वार, एउटा विसर्ग र एउटा दुस्स्पृष्टलकार गरी जम्मा त्रिसठ्ठी वर्णहरू अथवा प्लुत लृ३ कारलाई पनि विकल्पमा जोडेर जम्मा चौसठ्ठी वर्णहरू उल्लेख गरको देखिन्छ ।

**त्रिषष्टिश्चतुःषष्टिर्वा वर्णाः शम्भुमते मताः ।**
**प्राकृते संस्कृते चापि स्वयं प्रोक्ताः स्वयंभुवा ॥**
(पाणिनीयशिक्षा, श्लो. ३) ।

**(क) स्वरवर्णहरू**

पाणिनीयशिक्षामा स्वरवर्णहरूको गणना गर्दा **स्वराः विंशतिरेकश्च** (पाणिनीयशिक्षा, श्लो. ३) भनेर एक्काइसवटा स्वरवर्णहरूलाई ग्रहण गरिएको पाइन्छ । त्यसमा अ इ उ ऋ यी चार स्वरवर्णहरूको ह्रस्व-दीर्घ र प्लुतका भेदले बाह्रवटा वर्णहरू भए । लृकारलाई ह्रस्व मात्रै मानिएको छ । ए ऐ ओ औ यी चार वर्णहरूलाई संयुक्त वर्ण अथवा सन्ध्यक्षर भनिन्छ । सन्ध्यक्षरको ह्रस्व हुँदैन । त्यसैले दीर्घ र प्लुतका भेदले आठवटा वर्णहरू भए । सबै स्वरवर्णहरूलाई सङ्कलन गर्दा जम्मा २१ वटा हुन्छन् । पाणिनीयशिक्षामा **लृकारः प्लुत एव च** (पाणिनीयशिक्षा, श्लो. ५) भनेर उल्लेख गरिएकाले आचार्य पाणिनिका मतमा प्लुत लृ३कार वर्णलाई विकल्पले ग्रहण गरिन्छ । प्लुत लृ३कारको गणना गरेमा २२ र गणना नगरेमा २१ वटा स्वर वर्णहरू हुने कुरा आचार्य पाणिनिले उल्लेख गरेका छन् । यिनीहरूलाई तालिकामा यसरी देखाउन सकिन्छ -

**स्वरवर्णतालिका**

| ह्रस्वः | दीर्घः | प्लुतः |
|---|---|---|
| अ | आ | आ३ |
| इ | ई | ई३ |
| उ | ऊ | ऊ३ |
| ऋ | ॠ | ॠ३ |
| लृ | | लृ३ |
| | ए | ए३ |
| | ऐ | ऐ३ |
| | ओ | ओ३ |
| | औ | औ३ |

**(ख) व्यञ्जन वर्णहरू**

पाणिनिले ४२ वटा व्यञ्जन वर्णहरूको उपदेश गरेका छन् । ती वर्णहरूमा स्पर्शसंज्ञक २५ वटा, यकारादि गरिएका यवरलशषसह यी आठवर्ण, यमवर्ण चारवटा, अनुस्वार एक, विसर्ग एक, जिह्वामूलीय विसर्ग एक, उपध्मानीय विसर्ग एक र दुस्स्पृष्ट वर्ण एक गरी जम्मा ४२ वटा वर्णहरू छन् । तिनै ४२ वर्णहरूलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

**स्पर्शसंज्ञकवर्णहरू-**

| | | | | |
|---|---|---|---|---|
| क् | ख् | ग् | घ् | ङ् |
| च् | छ् | ज् | झ् | ञ् |
| ट् | ठ् | ड् | ढ् | ण् |
| त् | थ् | द् | ध् | न् |
| प् | फ् | ब् | भ् | म् |

यिनै २५ वर्ण वर्णहरूलाई आचार्य पाणिनिले स्पर्शसंज्ञक वर्ण मानेका छन् । त्यसै गरी पाणिनीयशिक्षामा उनले भनेका छन् –

**यादयश्च स्मृता ह्यष्टौ चत्वारश्च यमाः स्मृताः ।**
**अनुस्वारो विसर्गश्च ≍क ≍पौ चापि पराश्रितौ ॥**
**दुस्स्पृष्टश्चेति विज्ञेयः ।** (पाणिनीयशिक्षा, श्लो. ४, ५) ।

यकारादि आठ, यमवर्ण चार, अनुस्वार एक, विसर्ग एक, जिह्वामूलीय विसर्ग एक र उपध्मानीय विसर्ग एक र दुस्स्पृष्ट वर्ण एक गरी जम्मा सत्रवटा वर्णहरूलाई यस भनाइबाट चिनाएका छन् । यी वर्णहरू यसप्रकार रहेका छन् :

| | |
|---|---|
| यादयः | य् र् ल् व् श् ष् स् ह् |
| यमाः | क् ख् ग् घ् |
| अनुस्वारः | ं (अं) |
| विसर्गः | : (अः) |
| जिह्वामूलीयः | ≍क |
| उपध्मानीयः | ≍प |
| दुस्स्पृष्टः | ल |

वर्गका पाँचौँ वर्ण पर भएमा अगाडिका चारवर्णहरूलाई यमवर्ण भनिन्छ । **तत्र वर्गेष्वाद्यानां चतुर्णां पञ्चमे परे मध्ये यमो नाम पूर्वसदृशो वर्ण इत्युच्यते । तदुदाहरणानि च पलिक्क्नीः, चख्ख्नतुः, अग्ग्निः, घ्घ्न्तीत्येतानि ।** (भट्टोजिदीक्षितः, सिद्धान्तकौमुदी, पृ. १६ ।)

यसरी पाणिनिले प्लुत लृ३कारलाई गणना गरेका पक्षमा ६४ र नगरेका पक्षमा ६३ वटा वर्णहरूको परिगणना गरेका छन् ।

प्राचीन लेख्य नेपाली वर्णमालामा अ आ इ ई उ ऊ ऋ ॠ लृ ॡ ए ऐ ओ औ अं अः गरी १६ वटा स्वर वर्ण र क ख ग घ ङ च छ ज झ ञ ट ठ ड ढ ण त थ द ध न प फ ब भ म य र ल व श ष स ह क्ष त्र ज्ञ गरी ३६ वटा व्यञ्जन वर्णहरू रहेको पाइन्छ । अहिलेको वर्णमालामा स्वर वर्णका ॠ लृ ॡ यी तीन वर्णहरूलाई हटाएर जम्मा १३ वटा स्वरवर्णहरू लेखिन्छन् । त्यसमा पनि कथ्य रूपमा भने अ आ इ उ ए ओ गरी जम्मा छवटा स्वर वर्णहरू र ३६ वटा व्यञ्जन वर्णहरूमध्ये ञ ण श ष क्ष त्र ज्ञ गरी यी सातवटा वर्णहरूलाई हटाएर जम्मा २९ वटा व्यञ्जन वर्णहरू मात्र उच्चारण हुन्छन् भनिएको छ । भाषाविज्ञानले नेपाली भाषामा औच्चार्य वर्णहरूमा ६ वटा स्वर र २९ वटा व्यञ्जनवर्णहरूलाई मात्र स्वीकार गरेको पाइन्छ ।

## लृवर्णको उपयोगिता

प्रस्तुत लेखमा लृवर्णको आवश्यकता, औचित्य र उपयोगिताका सन्दर्भमा वैयाकरणहरूका के कस्ता विचारहरू रहेका छन् भन्ने विषयमा खोज गरिएको छ । त्यस क्रममा संस्कृत वाङ्मयका विभिन्न विद्वान्हरूले आ-आफ्ना ग्रन्थहरूमा लृवर्ण प्रयोग के कसरी गरेका छन् भन्ने कुराको अन्वेषण गरिएको

छ । साथै नेपाली शब्दकोश र नेपाली भाषामा यसको अवस्था कस्तो छ भन्ने विषयमा समेत यहाँ चर्चा गरिएको छ ।

## संस्कृत वाङ्मयमा लृवर्ण

वर्णहरूको उत्पत्ति, विकास र प्रयोगको सन्दर्भ वैदिक कालदेखि नै प्रारम्भ भएको मानिन्छ । वर्णहरूको विकास सृष्टिको प्रक्रियासँगै जोडिएको विषय पौराणिक ग्रन्थहरूमा बताइएका छन् । शिक्षा ग्रन्थहरूमा वर्ण उच्चारण विधिको विशेष चर्चा भेटिन्छ । विभिन्न प्रकारका शिक्षा ग्रन्थहरूमा वर्णहरू र यिनका उच्चारण प्रक्रियालाई विशेष रूपमा सिकाइएको छ । वर्णहरूको उच्चारण स्थान, प्रयत्न, घोषत्व प्राणत्व एवं अन्य वैज्ञानिक आधारमा विभाजन गरेका तथ्यहरू पाउन सकिन्छ । लृवर्णको आवश्यकता, औचित्य र उपयोगिताका सम्बन्धमा विभिन्न आचार्यहरूले आफ्ना व्याकरणग्रन्थहरूमा चर्चा गरेका छन् । तिनै चर्चाहरूमध्ये केही प्रमुख आचार्यका विचारलाई यहाँ विश्लेषण गरिएको छ ।

## आचार्य पाणिनि

आचार्य पाणिनिले आफ्नो अष्टाध्यायी नामक व्याकरण ग्रन्थमा माहेश्वर सूत्रका रूपमा **ऋलृक्** (पाणिनि, माहेश्वर सूत्र, २ ) सूत्रको प्रयोग गरेका छन् । यस सूत्रमा लृवर्णको प्रयोग भएको पाइन्छ । उनले **लृट् शेषे च** ३ । ३। १३ ॥, **लृटः सद्वा** ३।३।१४॥ **लुङ्लङ्लृङ्क्ष्वडुदात्तः** ६।४।७१॥, **लुङ्सनोर्घस्लृ** २।४।३७॥, **लुटि च क्लृपः** १।३।९३॥ लगायतका सूत्रहरूमा लृअक्षरको ग्रहण गरेका छन् । त्यसैगरी गच्छति रूप हुने **गम्लृ गतौ** धातु, **षट्लृ विशरणगत्यवसादनेषु, शद्लृ शातने, मुच्लृ मोक्षणे, लुप्लृ छेदने, विद्लृ लाभे, आप्लृ व्याप्यौ, शक्लृ शक्तौ, विष्लृ व्याप्तौ, वेलृ-चेलृ-केलृ-खेलृ-क्ष्वेलृ-पेलृ-फेलृ-शेलृ-षेलृ गतौ चलने च, खोलृ आशुगमने** लगायतका अनेकौँ लृकारको इत् संज्ञा हुने धातुहरूको उपदेश गरेका छन् । (पाणिनि, धातुपाठः, पृ. १-९० ।) यसबाट पाणिनिले लृवर्णलाई विभिन्न अवस्थामा प्रयोग गरेको देखिन्छ ।

लृको इत्संज्ञा गर्नुको प्रयोजन अगमत् रूपमा अङ् गर्नु हो । **पुषादिद्युताद्य्लृदितः परस्मैपदेषु** ३।१।५५॥ यस सूत्रले गम् धातुदेखि लुङ् लकारमा तिपादि गरेर अटागम भएपश्चात् **अ गम् च्लि त्** यस अवस्थामा गम्लृ धातुमा लृको इत्संज्ञा भएका कारणले च्लिका स्थानमा अङ् आदेश भएर अगमत् रूप सिद्ध हुन्छ । यस्तै अन्य विभिन्न रूपहरू सिद्ध गर्नका लागि लृदित् धातुहरू पाणिनिले उपदेश गरेका छन् ।

## आचार्य कात्यायन

वार्तिककार कात्यायनले पाणिनीय सूत्रलाई पृष्ठपोषण गर्दै विभिन्न वार्तिकहरूको रचना गरेका छन् । व्याकरणशास्त्रको मुख्य प्रयोजन नै शुद्ध शब्द सिद्ध गर्नु हो । शब्द सिद्ध गर्नका लागि विभिन्न वार्तिकहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । लृवर्णका सन्दर्भमा पनि कात्यायनले **ऋलृवर्णयोर्मिथः सावर्ण्यं वाच्यम्** (कात्यायन, वार्तिक ३६४१ ।), **लृति सवर्णे लृ वा** (कात्यायन, वार्तिक १५० ।) लगायतका विभिन्न वार्तिकहरूमा ऋवर्ण र लृवर्णको सवर्ण संज्ञा गरी लृवर्णको अस्तित्वलाई स्वीकार गरेका छन् ।

## भाष्यकार पतञ्जलि

आचार्य पतञ्जलिले व्याकरण महाभाष्यमा **ऋलृक्** सूत्रको व्याख्यामा पाणिनिले लृकार उपदेश गर्नाको कारण सविस्तार उल्लेख गरेका छन् । लृलाई प्लुत उच्चारण होस् भन्नका लागि ऋकार र लृकारलाई अच् मान्नु पर्दछ भन्ने पतञ्जलिको धारणा छ । उनले होत्लृ३कारः भन्ने उदाहरण प्रस्तुत गरेका छन् । त्यसै गरी ऋकारबाटै लृकारको ग्रहण हुन्छ भन्ने प्रसङ्गमा ऋको रपर हुन्छ भने लृको लपर हुन्छ भनेर लृलाई

पृथक् अक्षरका रूपमा स्वीकार गरेको पाइन्छ । (पतञ्जलिः, महाभाष्यम्, तुल्यास्यप्रयत्नं सवर्णम् १।१।९॥ सूत्रको व्याख्यामा **ऋकारलृकारयोः सवर्ण विधिः** यो वार्तिकमा २२४-२२७ पृ.।) पतञ्जलिले लृकार पढ्नाको मुख्य तीनवटा कारणहरू उल्लेख गरेका छन् । **लृकारोपदेशो यदृच्छाशक्तिजानुकरणप्लुत्याद्यर्थः** (पतञ्जलिः, महाभाष्यम्, **ऋलृक्** सूत्रको व्याख्यामा, ६८ पृ.।) भनेर उनले लृकारको औचित्य र उपयोगितका सन्दर्भमा यदृच्छा, अशक्तिजानुकरण र प्लुताद्यनुकरणका लागि लृवर्णको आवश्यकता हुने चर्चा गरेका छन् । प्लुताद्यनुकरण भनेको प्लुत, द्विवचन, स्वरित आदिको अनुकरण गर्नु भन्ने हो । अब यिनै प्रयोजनलाई यहाँ सविस्तार चर्चा गरिन्छ ।

### (क) यदृच्छा (इच्छानुसार)

पिताले एघारौं दिनमा आफ्नो नवजात शिशुको नामकरण गर्नु पर्दछ । **दशम्युत्तरकालं पुत्रस्य जातस्य नाम विदध्याद्** (पतञ्जलिः, महाभाष्यम्, पृ. १५।) आफ्नो इच्छानुसार पिताले शिशुको नाम लृतक राखेमा त्यसलाई स्विकार्नु पर्दछ । यही लृतक नाम गरेको व्यक्तिलाई दही देऊ भन्दा संस्कृतमा दधी लृतकाय देहि भन्ने हुन्छ । यहाँ दधी र लृतका शब्दका बिचमा लृलाई 'अच्' मानेर यणसन्धि हुनु पर्दछ भन्ने पतञ्जलिको मत छ । अतः यहाँ यण् सन्धि भएर दध्यलृतकाय देहि यस्तो वाक्य बन्दछ । त्यस्तै मधु लृतकाय देहि भन्दा यण् सन्धि भएर मध्वलृतकाय देहि यस्तो वाक्य बन्दछ । त्यस्तै उच्चारण गरेका खण्डमा मध्वलृतकाय देहि, उदङ्लृतकोऽस्मत् प्रत्यङ्लृतकोऽगमत् । यस्ता प्रयोगहरूमा लृकारको प्रयोग भएको पाइन्छ । पतञ्जलिका अनुसार शब्दहरूको चारप्रकारको प्रवृत्ति हुन्छ । पहिलो जाति शब्द, दोस्रो गुण शब्द, तेस्रो क्रियाशब्द र चौथो यदृच्छा शब्द । यिनै चार शब्दहरूमध्ये यदृच्छा शब्दमा लृवर्णको प्रयोग भएको पाइन्छ ।

### (ख) अशक्तिजानुकरण

(ऋवर्णको शुद्ध उच्चारण गर्न नसक्नेले ऋका ठाउँमा लृ भन्नु)

कुनै अशक्त ब्राह्मणीले ऋतक शब्द उच्चारण गर्ने क्रममा अशक्तताका कारणले ऋकारको उच्चारण गर्न नसकेर लृतक् उच्चारण गरिन् । त्यसैको अनुकरण गर्दा लृतक् शब्दको उच्चारण भयो र यहाँ लृवर्णको प्रयोग भयो । त्यस्तै प्रष्ट बोली नफुटेको बालकले तोते बोलिमा ऋतकलाई लृतक भन्यो भने पनि त्यसको अनुकरण गर्दा लृतकशब्दको नै उच्चारण गर्नु पर्दछ । यसरी लृकारको स्वीकार गरेपश्चात् ब्राह्मणी लृतक यहाँ पनि यण सन्धि भएर ब्राह्मण्यलृतक यस्तो शब्द बन्दछ । कुमारी लृतकमा पनि कुमार्य्लृतक यस्तो रूप सिद्ध हुन्छ । अतः ऋवर्णको शुद्ध उच्चारण गर्न नसक्नेले ऋका ठाउँमा लृ भन्नुलाई पनि सैद्धान्तिक रूपमा स्वीकार गर्नु पर्दछ ।

### (ग) प्लुतादि अर्थ

प्लुत्यादयः भनेको के हो ? भन्ने प्रश्नको उत्तरमा **प्लुतिद्विर्वचनस्वरिताः** भनेर पतञ्जलिले प्लुत, द्विवचन, स्वरित शब्दलाई निर्देश गरेका छन् । क्लृप्तशिखः शब्दमा **गुरोरनृतोऽनत्यस्याप्येकैकस्य प्राचाम्** ८।९।८६॥ सूत्रमा प्लुतको प्रयोग भएको छ । त्यसका लागि पनि लृकारको प्रयोग भएको देखिन्छ । क्लृप्तः यहाँ **अनचि चः** ८।४।४७॥ यस सूत्रले लृलाई अच् मानेर द्वित्व हुन्छ । प्रक्लृप्तः यस शब्दलाई **उदात्तादनुदात्तस्य स्वरितः** ८।४।६६॥ यो सूत्रले स्वरित हुन्छ । प्लुत्यादि कार्यहरूमा **कृपो रो लः** ८।२।१८॥ यस सूत्रले कृप् धातुको ऋकार स्थानमा लृ हुन्छ र कृपेर्लत्व सिद्ध हुन्छ र चक्लृपे, चक्लृपिषे/ चक्लृप्से जस्ता

रूपहरू सिद्ध हुन्छन् । त्यसको सिद्धत्व भएकाले अच्प्रत्यहारमा लृलाई गणना गर्नुपर्ने हुन्छ अन्यथा यस्ता रूपहरू सिद्ध हुँदैनन् । त्यसैले लृकारको उपदेश गर्नु पर्दछ भन्ने पतञ्जलिको मत रहेको छ ।

### शर्ववर्मदेव

कातन्त्रव्याकरणमा शर्ववर्मदेवले अ आ इ ई उ ऊ ऋ ॠ लृ ॡ ए ऐ ओ औ यी चौधवटा स्वरवर्ण प्रस्तुत गरेका छन् । यी वर्णहरूमध्ये अगाडिका दशवटा वर्णहरू समान छन् र ती पर भएमा दीर्घ हुन्छ भनेका छन् । अ आ, इ ई, उ ऊ, ऋ ॠ, लृ ॡ यी दशवटा वर्णहरू क्रमशः ह्रस्व र दीर्घ वर्ण हुन् भनेका कारण कातन्त्रका मतमा ह्रस्व र दीर्घ दुवै लृवर्णलाई स्वीकार गरेको पाइन्छ । तत्र **चतुर्दशादौ स्वराः** १।१॥, **दश समानाः** १।२॥ (कातन्त्रव्याकरणम् पृ. १ ) लौकिक व्याकरणकार कातन्त्रकारले निम्न ५२ वटा वर्णहरू पढेका छन् । अ आ इ ई उ ऊ ऋ ॠ लृ ॡ ए ऐ ओ औ, ( ं ) शिरबिन्दु, ( ँ ) चन्द्रबिन्दु (अनुस्वार), विसर्जनीयः (ः), जिह्वामूलीयः, उपध्मानीय, क ख ग घ ङ च छ ज झ ञ ट ठ ड ढ ण त थ द ध न प फ ब भ म य र ल व श ष स ह क्ष यसरी उनले चौध स्वर, अनुस्वार, विसर्ग, जिह्वामूलीय, र उपध्मानीय गरी चार, चौतिसवटा व्यञ्जन गरी जम्मा बाउन्नवटा वर्णहरू उल्लेख गरेका छन् ।(द्विवेदी, कातन्त्रव्याकरणविमर्शः पृ. ५८, ५९ ।) .

### शाकटायनाचार्य

शाकटायनाचार्यको अक्षरसमाम्नायमा लृवर्णको उपदेश गरिएको छैन । ऋवर्णले नै लृवर्णको ग्रहण हुने भएकाले लृवर्णको पृथक् ग्रहण आवश्यक नहुने उनको तर्क छ । ऋ र लृ वर्ण समान भएका कारणले **दूरादामन्त्र्यस्य गुरुर्वैकोलनृत्** (शाकटायन, शाकटायनं व्याकरणम्, सूत्रम् २।३।२७॥) यस सूत्रमा र **ऋत्यकः** (शाकटायन सूत्रम् १।१।७५॥) सूत्रमा ऋवर्णले नै लृकारको उपदेश सिद्ध हुन्छ । किनभने ऋवर्ण र लृवर्ण समान हुन् भन्ने उनको तर्क रहेको छ । त्यसकारण ऋ र लृलाई समान मानेर दध्यलृतकाय दीयताम्, पितृकारः इत्यादि प्रयोग सिद्ध गरेका छन् । त्यसकारण शाकटायनले लृवर्णलाई अलग्गै उच्चारण गर्नु पर्दैन ऋवर्णले नै लृवर्णको ग्रहण हुन्छ भनेका छन् ।

### आचार्य चन्द्रगोमि

आचार्य चन्द्रगोमिले चान्द्रव्याकरणमा अइउण्, ऋलृक्, एओङ्, ऐऔच्, हयवरलण्, ञमङणनम्, झभञ्, घढधष्, जबगडदश्, खफछठथचटतव्, कपय्, शषसर्, हल् गरी जम्मा १३ वटा सूत्रहरू पढेका छन् । दोस्रो सूत्रमा लृवर्णको उपदेश गरेका छन् ।त्यसै गरी **ऋकोऽणै रलौ** १।१।१५॥ (चान्द्रव्याकरणम्, पृ. १।) चान्द्रसूत्रमा ऋ र लृबाट अण् पर भएमा क्रमशः र र ल हुन्छ भनेका छन् । यसप्रकार चन्द्रगोमिले पनि लृवर्णलाई स्वीकार गरेका छन् ।

### आचार्य देवनन्दी

जैनेन्द्र व्याकरणमा देवनन्दीले लृ र तवर्गका तथदधन यी वर्णहरूको दन्त्यस्थान हुन्छ भनेका छन् । **लृतु एकेषाम् । लृतुलसा दन्त्याः ।** (जैनेन्द्र व्याकरण, पृ.४॥) त्यसकारण उनले लृवर्णलाई स्वीकार गरेको तथ्य प्रमाणित हुन्छ । साथै उनले **ऋकार लृकारयोः स्वरसञ्ज्ञा वक्तव्या** भनेर ऋवर्ण र लृवर्णको स्वरसंज्ञा पनि गरेका छन् । यसरी लृवर्णलाई स्वरवर्ण मानी पितृ+लृकारः = पितॄकारः रूप सिद्ध गरेका छन् । देवनन्दीले लृवर्णको छुट्टै उच्चारण गर्नु पर्दछ भन्ने मान्यता राखेका कारण यिनले लृवर्णको पृथक् अस्तित्व स्वीकार गरको पाइन्छ ।

यसरी वैदिक वाङ्मयका ऋक्प्रतिशाख्यमा **अ आ इ ई उ ऊ ऋ ॠ ऌ ॡ ए ऐ ओ औ इति चतुर्दश स्वराः ।** (ऋक्प्रातिशाख्यम्, ११।१॥) तैत्तरीय प्रातिशाख्यमा **ऋकारलृकारयोः न समानाक्षरसंज्ञा किन्तु अ इ उ इत्येतेषां प्रत्येकं त्रिधा भिन्नानां नवानामेव ।** (तैत्तरीय प्रातिशाख्यम् ।१।२॥) अग्निपुराणमा **अनुस्वारो विसर्गश्च ऽक ऽपौ चापि पराश्रितौ । दुष्पृष्टश्चेति विज्ञेयः लृकारः प्लुत एव च । दन्त्या दृलुतलासः स्मृताः ॥** (अग्निपुराण, अध्याय ३३६, श्लो. २९॥). याज्ञवल्क्यशिक्षामा **लृकारस्य तु दीर्घत्वम् नास्ति वाजसनेयिनः ।** (याज्ञवल्क्यशिक्षा, श्लो. १२६॥) व्यासशिक्षामा **अवर्णे सर्णको वर्णा वर्णो लृत्वमेत्वमैत् ।** (व्यासशिक्षा, श्लो.२१ ।) आपिशलिशिक्षामा **स्थानकरणप्रयत्नभेदेभ्यो वर्णास्त्रिषष्टिः ।१।४॥ लृवर्णस्य दीर्घाः न सन्ति ।६।४॥** (आपिशलिशिक्षा ।) शिक्षापञ्जिकामा **लृकारः एको ह्रस्व एव । लृकारस्य दीर्घादयो न सन्ति ।**शिक्षापञ्जिका । सिद्धहेमचन्द्रानुशासनम्मा **समानाक्षर अकारादिलृकारान्ताः स्वराः समानाक्षराणि । लृदन्ताः समानाः सूत्र १।१।६॥** (हेमचन्द्रानुशासनम् ।) लगायतका विभिन्न वैदिक र लौकिक ग्रन्थहरूमा लृवर्णको उल्लेख भएको पाइन्छ ।

### नेपाली भाषामा लृवर्णको प्रयोग

नेपाली सजिलो व्याकरणमा पुष्करशमशेरले ह्रस्व लृ र दीर्घ लॄ दुवै वर्णलाई उल्लेख गरी १४ वटा स्वरहरू स्वीकार गरेका छन् (शमशेर, २०५०, पृ. ३) । मध्यचन्द्रिकामा सोमनाथ सिग्द्यालले अर्को वर्णको मद्दत नलिइकन पूरा उच्चारण हुने वर्णलाई स्वर वर्ण भन्दै ह्रस्व लृ र दीर्घ लॄ दुवै वर्णलाई स्वीकार गरी १४ वटा स्वरवर्ण देखाएका छन् । (सिग्द्याल, २०५५, पृ. ३) । साथै सिग्द्यालले नेपाली भाषाका शब्दहरूमा ह्रस्व लृ र दीर्घ लॄ वर्णको प्रयोग नभएको बताएका छन् । प्राचीन नेपाली वर्णमालामा प्रयोग गरिएको लृवर्ण आजको वर्णमालामा देखिँदैन । नेपाली भाषामा लृवर्णको प्रयोगको अवस्थालाई अध्ययन गर्न नेपाली भाषाका शब्दकोशहरूलाई उपयोग गरिएको छ ।

### नेपाली शब्दसागर

वसन्तकुमार शर्मा नेपालले 'नेपाली शब्दसागर'मा ह्रस्व लृ र दीर्घ लॄ दुवै वर्णलाई समावेश गरेका छन् । उनले ह्रस्व लृवर्णलाई देवनागरी वर्णमालाको नवौँ स्वरवर्ण र अच्वर्णको नवौँ स्थानी अक्षरको प्रतिनिधित्व गर्ने साङ्केतिक लेख्य चिह्न वा लिपिचिह्न भनेका छन् । लृवर्णलाई संस्कृत अव्यय शब्द मान्दै यसको प्रयोग देवमाता, देवताको आत्मा, पृथ्वीमाता, पर्वत, गिरि, मन्त्र र स्तुतिका वाक्य, लृकार, लृवर्ण भन्ने अर्थमा गरेका छन् । त्यसैगरी दीर्घ लॄलाई वर्णमालाको दसौँ स्वरवर्ण भन्दै त्यसलाई देवनारी, नारीको आत्मा, नारीत्व, आमा, माता, सदाशिव, महादेव, लॄकार, दैत्यकी पत्नी, दानवमाता र कामधेनुकी आमा भन्ने अर्थमा ग्रहण गरेका छन् । (शर्म्मा, नेपाली शब्दसागर, पृ. १८८ ) ।

### संस्कृत नेपाली बृहत् शब्दकोश

फणीन्द्रप्रसाद पाण्डेयले संस्कृत नेपाली बृहत् शब्दकोशमा ह्रस्व लृ र दीर्घ लॄ दुवै वर्णलाई उल्लेख गरेका छन् । उनले लृलाई दन्तस्थानबाट उच्चारण हुने देवनागरी लिपिको नवौँ स्वर भनेका छन् । लृवर्णबाट निर्मित पाँचवटा शब्दहरू प्रदर्शन गर्दै ती शब्दहरूको अर्थसमेत देखाएका छन् । लृवर्णको अर्थ देवमाता र पृथ्वी गरेका छन् । त्यसैगरी उनले लृकारादि शब्दका रूपमा लृः, लृकारः, लृकारादि, लृकारान्तजस्ता शब्दहरूलाई अर्थसहित प्रस्तुत गरेका छन् । त्यसैगरी दीर्घ लॄकारालाई देवनागरी लिपिको दसौँ स्वरवर्ण भन्दै पाणिनिको मतअनुसार यो लॄकारको ह्रस्व लृकारको दीर्घ रूप होइन पनि भनेका छन् ।

साथै मुग्धबोध व्याकरण र तन्त्रमा दीर्घ लॄकार पनि स्वीकार गरिएको कुरा उल्लेख गरेका छन् । उनले दीर्घ लॄकारबाट बनेका छ वटा शब्दहरू अर्थसहित प्रस्तुत गरेका छन् । (पाण्डेय, संस्कृत नेपाली बृहत् शब्दकोश, पृ. २२६) ।

**नेपाली बृहत् शब्दकोश**

नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत् शब्दकोशमा भने ह्रस्व र दीर्घ दुवै लृवर्णलाई समावेश गरेको पाइँदैन । (पराजुली, नेपाली बृहत् शब्दकोश, पृ. १५४ ) ।

यसरी संस्कृत शब्दको अनुवाद र अनुकरणका रूपमा नेपाली भाषामा लृवर्णको उल्लेख भएता पनि लोक प्रचलनमा यसको प्रयोग देखिँदैन । साथै संस्कृत वैयाकरण कात्यायनले ऋवर्ण र लृवर्णलाई समान मान्नु भनेको हुँदा नेपालीमा पनि ऋवर्णबाटै यसको आवश्यकता पूर्ति हुने भएकाले पृथक् उच्चारणको आवश्यकता नभएको कुरा आँकलन गर्न सकिन्छ ।

**निष्कर्ष**

संस्कृत वाङ्मयका अधिकांश वैयाकरणहरूले लृवर्णलाई पृथक् स्वरवर्णका रूपमा स्वीकार गरेको पाइन्छ । संस्कृत व्याकरणका प्रसिद्ध आचार्य पाणिनिले अष्टाध्यायीको माहेश्वर सूत्रमा लृवर्णको उल्लेख गर्दै आफ्नो अष्टाध्यायी सूत्रग्रन्थमा यसको प्रयोग गरेका छन् । साथै उनले ह्रस्व र प्लुत लृ३कारको चर्चा गर्दै दीर्घ लॄकार नहुने पनि बताएका छन् । वार्तिककार कात्यायनले भने ऋवर्ण र लृवर्णलाई समान मानेर ऋ र लृवर्णको सवर्ण संज्ञा गरेका छन् । अष्टाध्यायी सूत्रग्रन्थको भाष्य गर्ने क्रममा पतञ्जलिले **ऋलृक्** सूत्रको व्याख्या गर्दै लृकार उपदेशको तीन मुख्य प्रयोजनहरू बताएका छन् । मुग्धबोध व्याकरणकार वोपदेवले भने लृवर्णको ह्रस्व, दीर्घ र प्लुत तिनै रूपलाई स्वीकार गरेका छन् । ऋक्प्रातिशाख्य, वाजसनेयीय प्रातिशाख्य, हैमव्याकरण, व्यासशिक्षा, आपिशलिशिक्षा लगायतका विभिन्न ग्रन्थहरूमा लृवर्णको आवश्यकता र औचित्यका बारेमा विभिन्न धारणहरू अभिव्यक्त भएका छन् । त्यसैगरी नेपाली भाषाका शब्दकोशमध्ये नेपाली शब्दसागर र संस्कृत नेपाली बृहत् शब्दकोशमा ह्रस्व र दीर्घ लृवर्णको अर्थसहित उल्लेख गरिएको छ । तर नेपाली बृहत् शब्दकोशमा दुवै वर्णहरूले प्रविष्टि पाएको देखिँदैन । नेपाली उच्चारणमा समेत लृवर्णको कुनै पनि रूप प्रयोग भएको पाइँदैन । आधुनिक नेपाली भाषाको व्याकरणमा लृवर्णको प्रयोग नदेखिए तापनि संस्कृत भाषाको व्याकरण र वाङ्मयमा लृवर्णको प्रयोग भएको देखिन्छ । अतः वाङ्मय संरक्षणका लागि लृवर्णको आवश्यकता स्वीकार गर्नु उपयुक्त हुन्छ ।

**सन्दर्भग्रन्थसूची :**


चन्द्रगोमी (वि.सं. २०२४). **चान्द्रव्याकरणम्.** फतहसिंह, (प्रधानसम्पा.). बेचरदास जीवराज दोशी (सम्पादक).जोधपुर : राजस्थान प्राच्यविद्या प्रतिष्ठान ।

त्रिपाठी, रामप्रसाद (वि.सं. २०४६). (सङ्कलयिता, सम्पा.). **शिक्षासङ्ग्रहः.** वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय प्रकाशन ।

दीक्षितः, भट्टोजिः (सन्. १९९९). **सिद्धान्तकौमुदी.** *बालमनोरमा टीका.*(च.सं.), गोपालदत्तपाण्डेयः (सम्पा.). वाराणसी : चौखम्वा-सुरभारती-प्रकाशनम् ।

देवनन्दी (सन्. १९१०). **जैनेन्द्रव्याकरणम्.** *अभयनन्दिमुनिकृतमहावृत्तिसहितम्,* विन्ध्येश्वरीप्रसाद द्विवेदी (सम्पा.). वनारस : गवर्नमेन्ट संस्कृत कालेज पुस्तकालय ।

द्विवेदी, जानकीप्रसाद, (वि.सं. २०३२). **कातन्त्रव्याकरणविमर्शः.** भागीरथप्रसाद त्रिपाठी (सम्पा.). वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

नेपाल, वसन्तकुमार शर्म्मा (वि.सं. २०६१). **नेपाली शब्दसागर,** (तेस्रो संस्करण). काठमाडौँ : भाभा पुस्तक भण्डार ।

पतञ्जलिः (सन् २००२). **व्याकरणमहाभाष्यम्,** नवाह्निकम्, (पुनर्मुद्रित संस्करण), मधुसूदनप्रसाद मिश्र (सम्पा.). वाराणसी : चौखम्बा विद्या भवन ।

पराजुली, कृष्णप्रसाद (वि.सं. २०६७). **नेपाली बृहत् शब्दकोश**, सातौँ संस्करण, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाणिनिः, (सन् २००२). **अष्टाध्यायी.** *सरलव्याख्याटीकालङ्कृता.* गुरुप्रसाद शास्त्री (सम्पा.). वाराणसी : भार्गव पुस्तकालय ।

................. (सन् २०११). **धातुपाठः,** नरेश झा (सम्पा.), वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।

................. (सन् २००४). **पाणिनीयशिक्षा,** आचार्य. शिवराज कौण्डिन्न्यायनः (व्याख्याकारः), वाराणसी : चौखम्बा विद्याभवन ।

पाण्डेय, फणीन्द्रप्रसाद (वि.सं. २०५७). **संस्कृत नेपाली बृहत् शब्दकोश.** दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय ।

वेदव्यासः (सन् १९९०). **अग्निपुराणम्,** गोरखपुर : गीताप्रेस ।

शमशेर, पुष्कर (वि.सं. २०५०). **नेपाली सजिलो व्याकरण.** सातौँ संस्करण., काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, श्रीपाद (सन् १९४०). (सम्पा.). **ऋग्प्रातिशाख्यम्,** औन्धनगर : स्वाध्यायमण्डलः ।

शर्ववर्मादेवः (सन् १९८७). **कातन्त्रव्याकरणम्,** आर् एस् साइनी (सम्पा.). वाराणसी : भारतीय विद्याप्रकाशन ।

शाकटायनः (सन् २०१०). **शाकटायनं व्याकरणम्,** *अभयचन्द्रसूरिप्रणीतमक्रियासंग्रहसहितम्,* बालान्तवर्णणि (सम्पा.), नई दिल्ली : सञ्जय प्रकाशन ।

सिग्द्याल, सोमनाथ (वि.सं. २०५५). **मध्यचन्द्रिका.** चौबिसौँ संस्करण, काठमाडौँ : साझा प्रकाशन ।